# मैवाखोला गाउँपालिका
## आठौँ गाउँसभा
## नीति तथा कार्यक्रम
## आ.व. २०७७\०७८

**मैवाखोला गाउँपालिकाको गाउँसभाका सभाअध्यक्षज्यू,**
**सम्पुर्ण वडाका वडा अध्यक्ष ज्यूहरु,**
**गाउँसभाका सदस्यहरु,**
**सम्पुर्ण कर्मचारीहरु**
**पत्रकार मित्र  तथा**
**उपस्थित सम्पुर्ण बुबा, आमा, दाजु भाई तथा दिदीवहिनीहरु,**

नेपाली जनताले करिब सात दशक भन्दा लामो संघर्षबाट प्राप्त गरेको संघीय लोकतान्त्रीक गणतन्त्र शासन प्रणालीले नेपाली जनता आफैले छानेर पठाएका जनप्रतिनिधि  मार्फत नेपालको संविधान, २०७२ जारी भएको छ । संघिय शासन व्यवस्थाको सबैभन्दा नजिकको सरकारको रुपमा स्थानीय तह रहने भएकाले स्थानिय सरकार सर्वसाधारण जनताको नजिकको सारथी हो । स्थानिय सरकार संघिय सरकार र प्रदेश सरकार संग जनतालाई जोड्ने पुल को रुपमा समेत रहने भएकाले यसको दायित्व र कर्तव्य एवम कार्यजिम्मेवार असिमित छ । संविधानमा सुनिश्चित नागरिक अधिकारलाई व्यवहारमा लागु गरि सर्वसाधारण जनताको जीवनस्तर लाई सुरक्षित, मर्यादित र गुणस्तरीय बनाउन स्थानिय सरकार निरन्तर लागि परेको व्यहोरा यहा म तपाइहरुसमक्ष निवेदन गर्न चाहन्छु ।

संघियता कार्यान्वयनको सन्र्दभमा २०७४ असार १४ गते निर्वाचन सम्पन्न भई मैवाखोला गाउँपालीका ले स्थानिय सरकार को रुपमा ४ वर्ष सफलतापूर्वक कार्यसम्पन्न गर्दै आज गाउँपालीकाको चौथो वार्षिक नीती तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा हर्षित भएको छु ।

नेपालको संविधानले सुनिश्चित गरेका स्थानिय सरकारका अधिकारलाई अधिकतम उपयोग गर्दै प्राप्त स्रोत र साधनको अधिकतमा, मितव्ययी र अर्थपूर्ण सदुपयोग मार्फत जनतालाई स्थानिय सरकारको लाभ दिन तत्पर छौँ ।

कोभिड-१९ महामारीले मानव जाति माथि ठुलो सङ्कट आइपरेको वर्तमान समयमा यसले विश्व समुदायलाई नै चुनौती दिएको छ । यस महामारीबाट हालसम्म लाखौं मानिसको ज्यान समेत गइसकेको छ भने लाखौ मानिस सङ्क्रमित भई उपचारत हुनुहुन्छ । नेपाल समेत यस महामारी बाट अछुतो रहन नसकेको यस विषम परिश्थिती बाट केहि मानिसको मृत्यू भइसकेको छ त हजारौ व्यक्ति यसबाट सङ्क्रमित भई उपचारत हुनुहुन्छ । यस महामारीबाट सङ्क्रमित भई जीवन गुमाउनुहुने सम्पूर्ण देशविदेशमा रहेका नेपाली दाजुभाई तथा दिदिबहिनी र छिमेकी नागरिक र अन्य मुलुकका नागरिकहरु र परिवारप्रति समवेदना व्यक्त गर्दछु । साथै उपचाररत सम्पूर्ण मानिसमा शीघ्र स्वास्थ्य लाभको कामना व्यक्त गर्दछु ।

यस महामारी विरुद्धको महाअभियानमा अग्रमोर्चामा अहोरात्र खटिनुभएका सम्पूर्ण स्वास्थ्य कर्मी, सुरक्षा कर्मी कर्मचारी, पत्रकार लगायत सम्पूर्णमा उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

देशलाई यस स्थितमा ल्याइपुर्याउन आफ्नो प्राणोत्सर्ग गर्ने सम्पुर्ण महान सहीदहरु, जनआन्दोलनका घाइतेहरु, द्वन्द्वपीडितहरु तथा देशमा गणतन्त्र स्थापना तथा संघीयता स्थापना गर्न अहम भुमिका खेल्ने सम्पुर्ण ज्ञात अज्ञात व्यक्तिहरुलाई हृदयदेखिनै नमन गर्दै उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

यस विषम परिश्थितीमा स्थानीय जनताका माग र आवश्यकतालाई सम्बोधन गर्दै सुखि नेपाली समृद्ध नेपाल को परिकल्पनालाई साकार पार्न यस नीति तथा कार्यक्रम कोशेढुङ्गा सावित हुने कुरामा विश्वास लिएको छु ।

उपश्थित सम्पूर्ण महानुभावहरु,

अव म यस मैवाखोला गा.पा.को आ.व.२०७७/०७८ को नीति तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

**बजेट तथा स्रोत परिचालन तथा स्रोतहरुको पहिचान सम्बन्धी नीतिः**

१। यस गाउँपालीकाको आन्तरिक आम्दानीलाई बढाउन गाउँपालीका क्षेत्र भरि करको दायरालाई फराकिलो बनाई न्यायोचित कर प्रणाली अवलम्बन गरिनेछ ।

२। यस बर्ष कर तिर्ने बानीको विकास गर्न आवश्यक कार्यक्रमहरु ल्याईनेछ ।

३। जनताका असिमित आवश्यकता र मागलाई सम्बोधन गर्न गाउँपालिकालाई प्राप्त सिमित स्रोतसाधनहरुको सीमालाई फराकिलो बनाउन बढी भन्दा बढी संघिय सरकार तथा प्रदेश सरकार समक्ष योजनाहरुको माग गरिनेछ ।

४। गाउँपालिकाबाट संचालन हुने विभिन्न योजनाहरुलाई लागत साझेदारीमा निर्माण तथा कार्यान्वयन गरिनेछ ।

५। बजेट तथा स्रोतहरुको परिचालन गर्दा कम लागतको कम खर्चिलो नतिजामुखी परिणाम ल्याउने योजना तथा कार्यक्रमहरु परिचालन गरिनेछ ।

**कृषि विकास सम्बन्धी नीतिः**

१। निर्वाहमुखि कृषि प्रणालीलाई व्यवसायिक र आधुनिकरण गर्नका लागि कृषकहरुलाई सहुलियतमा ऋण उपलब्ध गराइनेछ यसका लागि छुटै कृषि कोषको व्यवस्था गरिनेछ ।

२। खाद्यन्नमा आत्मनिर्भर बनाउन उन्नत जातका वीउ विजन र उत्पादन सामाग्रीहरु कृषकहरुलाई बाँडिने छ ।

३। आर्गनिक खेती प्रणाली मार्फत स्वस्थ्य र गुणस्तरिय खाद्यन्न उत्पादन गर्न विशेष जोड दिइने छ ।

४। प्रयोगात्मक कृषक पाठशाला संचालन गरि व्यावसायिक ज्ञान र शिपको हस्तान्तरण गर्दै कृषकलाई व्यावसायिक बन्न प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ ।

५। दन्ते ओखर,एभोकाड, अङ्गुर, सुन्तला, कागती, किवी जस्ता फलफुलहरुको व्यावसायिक खेति गर्नको लागि कृषकहरुलाई उन्नत खालको बिउ र बिरुवाहरु बितरण गरिनेछ ।

६। अकवरे खुर्सानी खेतिलाई यस वर्ष पनि विशेष प्रवर्द्धन गरी अर्गानिक उत्पादनमा जोड दिई बजार व्यावस्थापन गर्न बिशेष जोड दिईनेछ ।

७। व्यावसायिक तरकारी खेति प्रवर्द्धन गर्ने उन्नत जातका तरकारीका बिउहरु गरिब तथा पिछडिएका वर्गका किशानहरु समक्ष पुर्याउन विशेष नीति ल्याईनेछ ।

८। व्यावसायिक  मौरिपालन व्यावसायलाई प्रवर्द्धन गर्न मौरिपालन सम्बन्धी आधारभुत तालिम तथा घार निर्माणमा आवस्यक सहयोग गरिनेछ ।

९। बाझो जग्गाहरुमा फलफुल खेति गर्न प्रोत्साहन गरिने छ ।

१०।भकारो सुधारलाई उच्च प्राथमिकतामा राखि आवस्यक अनुदानको व्यावस्था गरिनेछ।

११।विभिन्न विद्यालयहरुमा विद्यालय कृषि पाठशालाको व्यवस्था गरिनेछ ।

१२। टिश्यूकल्चर प्रविधिबाट आलु खेति गर्ने प्रविधिलाई बढि भन्दा बढि कृषक समक्ष पुर्याईनेछ।

१३। कृषिमा आधुनिकिकरण गर्न आवश्यक प्राविधिकको व्यावस्था गरि जनताको घर दैलोमा सेवाको प्रत्याभुति दिलाईनेछ ।

१४। अलैचीमा लाग्ने रोग, अलैची बगान व्यावस्थापन सम्बन्धि आवश्यक कार्य अलैची बगानमै गएर कृषकसंग तालिम, अन्तर्क्रिया गरिनेछ ।

१५। एक वडा एक नर्सरी को व्यवस्था मार्फत सम्पूर्ण वडामा सर्वसुलभ तबरले विरुवा वितरण गरिनेछ ।

१६।  चिया तथा कफि खेतिको सम्भाव्यता अध्ययन गरि यसलाई व्यावसायिक बनाइनेछ ।

१७। स्थानीय स्तरमा आयोजित मेलामा कृषि प्रदर्शनी आयोजना गरि उत्कृष्ट कृषकलाई उचित पुरस्कार को व्यवस्था गरिनेछ ।

**<u>पशुपंक्षी विकास सम्बन्धी नीतिः</u>**

१। कृतिम गर्भाधान प्रविधि मार्फत जनताको गोठमा कम शुल्कमा उन्नत जातका पशु पुर्याउन, कृषकलाई कृतिम गर्भाधान प्रति विश्वस्त तुल्याउन टोल टोलमा कृषक अन्तर्क्रिया कार्यक्रम लाई निरन्तरता दिइनेछ ।

२। व्यावसायिक बाखापालनलाई बढावा दिन विषेस व्यवस्था गरिनेछ । यस पेशामा संलग्न कृषकहरुलाई अनुदानको व्यवस्था गरिनेछ ।

३। नमुना कृषि तथा पशु फार्मलाई उचित पूरस्कारको व्यवस्था गरिनेछ ।

४। उन्नत जातको बोयर बाखाका विरुवा खरिद गरि वितरण गरिनेछ ।

५।  उन्नत घाँसको बिरुवा उत्पादन तथा तालिमको व्यवस्था गरि पोषिलो आहाराको प्रवर्द्धन गर्ने कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइनेछ ।

६। गाउँपालीकालाई मासु उत्पादनमा आत्मनिर्भर बनाउन व्यवसाहिक बंगुर पालन, बाख्रा पालन तथा कुखुरा पालन लाई जोड दिईनेछ। कुखुरा पालनको लागि ह्याचरीको व्यवस्था गरिने छ ।

७। पशुपंक्षीमा लाग्ने विभिन्न किसिमका रोगको रोकथाम तथा नियन्त्रणको लागि खोप तथा अन्य आवस्यक औषधीको व्यवस्था गरिनेछ ।

८। व्यावसायिक दुग्ध उत्पादनलाई जोड दिदैं गाउँपालीकालाई दुग्ध उत्पादनमा आत्मनिर्भर बनाउन विशेष पहल गरिनेछ, र गाई पालन र भैसी पालनलाई प्रोत्साहन गरिने छ ।

९। भौगोलिक वातावरण सुहाउदो पशुपालनमा जोड दिइनेछ। साम्तोङ ओदक भित्ते लगायतका क्षेत्रमा भेडा बाख्रा पालन क्षेत्रको रुपमा विकास गरिदै लगिनेछ।

१०। व्यवसायिक माछापलनको लागि प्रोत्साहन गरिने छ।

**नागरिकको आय आर्जन सम्बन्धीः**

१। कोभिड-१९ महामारीका कारण रोजगारी गुमाएका युवा, श्रमिक,किसान,गरिव तथा विपन्न,परिवारलाई लक्षित गरि विभिन्न सिपमुलक तालीम तथा घरेलु सिप र श्रम मा आधारित उद्योग स्थापना गरि जीवनस्तर मा सुधार ल्याइनेछ।

२। कोभिड-१९ महामारीका कारण बैदेशिक रोजगार गुमाएर स्वदेशमै केहि गर्न खोज्ने युवालाई सीप तथा अनुभवका आधारमा व्यवसाय गर्न सहुलियत कर्जा उपलब्ध गरिने छ।

३। स्थानीय कच्चा पदार्थमा आधारित घरेलु उद्योगहरुलाई यस आ.व.मा समेत विशेष प्राथमिकता प्रदान गरि विकास गरिनेछ।

४। भौतिक पूवार्धार निर्माणको आयोजनाहरुमा बढि भन्दा बढि स्थानीय जनशक्तिको प्रयोग गरि रोजगारीको अवसर सिर्जना गरिनेछ।

५।स्थानीय स्तरमा रोजगारीका अवशर सिर्जना गर्नका लागि रोजगारीका वैकल्पिक अवशरको पहिचान गरिनेछ।

६।स्थानीय युवामा काम गर्ने सिपको विकास गर्नका लागि प्रत्येक वडाबाट कम्तिमा २ जनालाई सिप सिक्ने अवशर प्रदान गरिनेछ।

७।ज्येष्ठ नागरिका(७० वर्ष भन्दा माथिका),बालबालीका (१-५ वर्ष), अति अशक्त अपाङ्गता भएका व्यक्तिलाई आर्थिक अवस्थाको आधारमा न्यानो कपडा वितरण गरिनेछ।

८।एक स्थानिय तह एक औधोगिक ग्रम कार्यक्रम लाई प्राथमिकतामा राखेर यसै आ.व. भित्रबाट औधोगिक ग्रम स्थापना गर्न प्रोत्साहन गरिने छ।

**सुकुम्बासी व्यवस्थापन सम्बन्धि नीतिः**

१)गाउँपालीका भित्रका जग्गाविहिन सुकुम्बासीलाई यसै आ.व. भित्र व्यवस्थापन गरिदै लगिने छ।

**शिक्षा सम्बन्धी नीतिः**

१। यस गाउँपालीका भरिका सम्पूर्ण सामुदायिक विद्यालयहरुलाई न्यूनतम पूर्वाधार सम्पन्न बनाउदै लगिनेछ।

२। गाउँपालीका बाट शैक्षिक पात्रो निर्माण गरि सम्पूर्ण विद्यालमा एकरुपता कायम गरिनेछ।

३। कोभिड-१९ महामारीबाट विद्यार्थी हरुको पढाइ मा पर्न गएको बाधालाई मध्यनजर गर्दै SEE र १२ कक्षाकालाई निशुल्क थप अतिरिक्त कक्षा सञ्चालनका लागि बजेट विनियोजन गरिनेछ।

४। कक्षा ५ र कक्षा ८ को अन्तिम परिक्षा गाउँपालीका स्तरिय सञ्चालन गरि सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गरिनेछ।

५। कोभिड -१९ का कारण विद्यार्थीहरुमा पर्न गएको मानसिक असरलाई कम गर्न मनोपरामर्श कार्यक्रम सञ्चालन गरिनेछ।

६। शिक्षा नियमावली बमोजिम योग्य, बरिश्ठ शिक्षकलाई नेतृत्व सुम्पेर विद्यालय प्रशासन र व्यवस्थापनलाई चुस्तदुरुश्त बनाईनेछ।

७। मैवाखोला गाउँपालीका यस गाउँपालिका भित्र रहेका सम्पूर्ण बाल विकास केन्द्रलाई न्युनतम पुर्वाधार सहित नमूना बालविकास केन्द्रको रुपमा विकास गरिनेछ।

८। यस बर्ष सवै आधारभुत विद्यालय कक्षा ८ सम्म चलेका आधारभुत विद्यालयहरुमा ईन्टर्नेटको पहुंच पुर्याईनेछ।

९। मैवाखोला गाउँपालीका भित्र रहेका ३ वटै सामुदायिक सिकाइ केन्द्रलाई चलायमान बनाई निरक्षरता घटाउने प्रयास गरिनेछ।

१०। विद्यार्थीहरुको अर्न्तनिहित क्षमताको प्रस्फुटन गराउन गाउँपालीका स्तरिय अतिरिक्त कृयाकलापहरु सञ्चालन गरिनेछ।

११। शिक्षा दिवशको अवशरमा विद्यालयमा उत्कृष्ट योगदान गरेका विद्यालय व्यवस्थापन समितीका सदस्य तथा अध्यक्ष, शिक्षक , अभिभावक, विद्यार्थीहरु पहिचान गरि पुरस्कार प्रदान गरिनेछ।

१२। विद्यालयको वार्षिक परिक्षाम उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यालय र विद्यार्थी लाई विशेष पुरस्कार प्रदान गरिनेछ।

१३। शिक्षण पेशालाई मर्यादित र आकर्षक बनाउन उत्कृष्ट र सर्वोत्कृष्ट शिक्षकलाई पुरस्कार प्रदान गरिनेछ।

१४। यसै शैक्षिक सत्र भित्र मैवाखोला गाउँपालीका भित्रका सामुदायिक विद्यालयहरुमा स्थानीय पाठ्यक्रम बनाई लागु गरिनेछ।

१५। प्रविधि मैत्री शिक्षणमा प्रोत्साहित गर्न मैवाखोला गाउँपालीकामा सामुदायिक विद्यालयका शिक्षकलाई तहगत रुपमा आई सि.टि. सम्बन्धि तालिम प्रदान गरिनेछ।

१६। यस गाउँपालीका भरिका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा इन्टरनेको पँहुच उपलब्ध गराइनेछ।

१७। यस गाउँपालीका भरिका सम्पूर्ण बालबिकास केन्द्रलाई न्युनतम पूर्वाधारसहित नमुना बाल विकास केन्द्रको रुपमा विकास गरिनेछ।

१८। सामुदायिक विद्यायलका शिक्षकहरुलाई स्थानीय स्तरमा उपलब्ध हुने शैक्षिक सामाग्री निर्माण तथा प्रयोग गर्न प्रोतसाहित गरिनेछ।

१९। विद्यालय बाहिर रहेका बालबालीकालाई पहिचान गरि विद्यालयमा पहुँचको व्यवस्था गरिनेछ।

२०। सामुदायिक विद्यालयको शिक्षक तथा दरबन्दी मिलान , व्यवस्थापन, पुर्नवितरण एवं दरबन्दी सिर्जना विद्यालयको आवश्यकता तथा तहर शिक्षकको योग्यता एवं दक्षताको आधारमा गरिनेछ।

२१। प्रत्येक विद्यालयमा आवश्यकताको आधारमा लाइब्रेरीको व्यवस्था गरिनेछ।

२२। मैवाखोला गाउँपालीका भित्रका प्रत्येक विद्यालयका कक्षा १-५ मा अध्यनरत सवै विद्यार्थीहरुलाई न्यानो कपडा निशुल्क वितरण तथा व्यवस्थापन गरिनेछ ।

२३। आगामी आ.व.मा गाउँपालीकालाई पूर्ण साक्षर घोषणा गरिनेछ ।

**स्वास्थ्य तथा जनसंख्या सम्बन्धी नीतिः**

१। मैवाखोला गाउँपालीका भित्रका सम्पूर्ण वडालाई पूर्ण खोप सुनिश्चित तथा दिगोपनो रुपमा विकास गरिनेछ ।

२। यस गाउँपालिका भित्र रहेका सम्पुर्ण स्वास्थ्य संस्था लाई आधारभुत सेवासुविधा सम्पन्न बनाइनेछ ।

३। सवै स्वास्थ्य चौकीहरुमा बर्थिङ सेन्टर संचालन गरि सकिएकाले यि स्वास्थ्य संस्थालाई आवश्यक जनशक्ति र प्रविधिले सुविधा सम्पन्न बनाइनेछ ।

४। स्वास्थ्य चौकीहरुमा आवश्यक न्युनतम भौतिक सुविधा र आवश्यक उपकरणहरु उपलब्ध गराई जटिल अवस्थाका रोग र विराम बाहेकका रोगको उपचार गाउँपालीका भित्रका स्वास्थ्य संस्थामा सहज रुपमा उपलब्ध हुने व्यवस्था मिलाइनेछ ।

५। यस गाउँपालीकामा सुविधासम्पन्न अस्पताल निर्माणका लागि प्रयास अगाडि बडाइसकेकोले त्यसलाई यसै आ.ब.बाट गर्न विशेष प्रयास गरिनेछ ।

६। यस गाउँपालिकामा रहेका महिला स्वास्थ्य स्वयंसेविका, महिला स्वास्थ्य कार्यकर्ता तथा स्वास्थ्य कर्मीहरुलाई अधिकतम परिचालन गरि समपुर्ण जनतामा स्वास्थ्य जनचेतना मुलक कार्यक्रम गरि सवै जनतामा स्वास्थ्य पहुंच पुर्याईनेछ ।

७। यस गाउँपालिका अन्तर्गत रहेका सवै स्वास्थ्य संस्थामा कार्यरत जनशक्तिको पुर्ण अनुगमन गरि दरवन्दीमा रहेका कर्मचारीलाई अन्यत्र काजमा राखीने नीतिलाई निरुत्साहित गरिनेछ ।

८। स्वास्थ्य क्षेत्रमा लगानि गर्न चाहने निज क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।

९। स्वास्थ्य चौकि स्थापना गर्न बाँकी वडामा यसै आ.व.बाट स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

१०। विभिन्न स्वास्थ्य चौकीहरुको भवन निर्माणको लागि आवश्क पहल गरिनेछ ।

११। स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी को न्यूनतम पारिश्रामिकमा एकरुपता ल्याउन आवश्यक व्यवस्था गरिनेछ ।

१२। अति विपन्न आर्थिक अवस्था भएका व्यक्तिहरुको जटिल किसिमका उपचारमा सहयोग गर्न स्वास्थ्य सहयोग कोष को व्यवस्था गरिनेछ ।

१३। विभिन्न किसिमका सरुवा रोग र महामारीबाट बच्न विशेष स्वास्थ्य सम्बन्धि नीति तथा योजना तय गरिनेछ ।

१४। स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीलाई आवश्यकताको आधारमा तालिमको व्यवस्था गरिनेछ ।

१५। PNC HOME Visit गर्न आकर्षित गर्ने छ ।

**खेलकुद संग सम्बन्धित नीतिः**

१। यस गाउँपालिकामा निर्माधिन गाउँपालीकाकै गौरवका रंगशाला मदन भण्डारी स्मृती रगंशालालाइ लाई सम्पन्न गर्न प्रदेश र संघीय सरकार संग सहकार्यका लागि पहल गरिनेछ।

२। आधारभुत विद्यालयबाट राम्रो खेल्ने खेलाडीहरुलाई देशका उत्कृष्ट व्यावसायिक क्लबमा अवशरको लागि प्रयास गरिनेछ ।

३। राम्रा खेलाडी उत्पादन गर्न विभिन्न खेलकुद कार्यक्रम तथा प्रशिक्षण शिविर संचालन गरिनेछ ।

४। खेल क्षेत्रलाई प्रोत्साहन गर्न यस गाउँपालिका रहेका राम्रो खेलाडीलाई राष्ट्रिय खेल संस्था संग आवद्ध गर्न विशेष पहल गरिनेछ ।

५। प्रत्येक वडामा कम्तिमा एक वटा फुटबल खेलमैदानको निर्माण गर्ने नीति अवल्म्वन गरिनेछ ।

६। प्रत्येक वडामा न्युनतम आधारभुत पूर्वाधार सहितको खेलमैदान निर्माण गरिनेछ ।

७। स्थानीय स्तरमा आयोजना गरिने विभिन्न खेलकुद कार्यक्रममा स्थानीय क्लव संग सहकार्य गरि खेलकुदको विकास गरिनेछ ।

८। विद्यालयबाट नै उत्कृष्ट खेलाडिको उत्पादनका लागि सम्पूर्ण विद्यालयलाई आवश्यक खेलसामाग्री निशुल्क वितरण गरिनेछ ।

९। खेलकुदमा लामो योगदान गरेका खेलाडिको सम्मान स्वरुप विशेष कार्यक्रम आयोजना गरिनेछ ।

१०। गाउँपालिकामा खेलकुद विकासका लागि पालिका स्तरिय खेलकुद विकास समिति गठन गरिने छ ।

**विज्ञान तथा प्रविधी सम्बन्धी नीतिः**

१। गाउँकार्यपालीकाको कार्यालय र सबै वडामा अनिवार्य रुपमा इन्टरनेटको व्यवस्था गरिनेछ ।

२। गाउँपालीकाको कार्य सम्पादनलाई सर्वसुलभ, चुस्त दुरुस्त र प्रविधिमैत्री बनाउन प्रविधिको अधिकतमा प्रयोग गरिनेछ ।

३। गाउँपालिकाको वैंभसाईड तथा फेसबुक पेजबाट सम्पुर्ण सूचनाहरुको सम्प्रेषण गरि सूचनाको हकको प्रत्याभुती दिलाईनेछ ।

४। गाउँपालीकाका विभिन्न शाखा मार्फत प्रवाह हुने सेवा सुविधालाई भरपर्दो, गुणस्तरिय र सहज बनाउन विभिन्न सफ्टवेयरको प्रयोग गरिनेछ ।

५। गाउँपालीका बाट प्राप्त सेवाका लागि आवश्यक फाराम, योजना सम्झौता,निवेदन लगायतका कागजपत्र गाउँपालीकाको वेभसाइटबाटै प्राप्त गर्न सकिने व्यवस्था मिलाइनेछ ।

६। गाउँपालीका, वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयमा अनिवार्य इ हाजिरको व्यवस्था मिलाइनेछ ।

७। वित्तिय तथा आर्थिक सुशासन कायम गर्दै बडि पारदर्शि र प्रतिस्पर्धात्मक बनाउन का लागि यस गा.पा. बाट सञ्चालित योजनाहरुलाई ई विडिङ प्रणालिमार्फत ठेक्का आव्हान गर्ने नीति अवलम्बन गरिनेछ ।

८। यस आ.व. मा गाउँपालीका भित्रका मुख्य बजारलाई फ्रि वाईफाई जोनको रुपमा विकास गरिनेछ ।

९। सबै सामुदायिक विद्यालयहरुमा न्यूनतम कम्प्युटर प्रविधि उपलब्ध गराइनेछ ।

**लैंगिक समानता र समावेशीकरण सम्बन्धी नीतिः**

१। लैंगिक विभेदलाई न्यूनिकरण गर्न विभिन्न कार्यक्रमहरु आयोजना गरिनेछ ।

२। महिलाहरुलाई आर्थिक कृयाकलापमा सक्रिय बनाउन महिला उद्यमशिलता कार्यक्रम सञ्चालन गरिनेछ ।

३। महिलाहरुलाई व्यवसायिक र सक्षम बनाउन महिलाको नाममा व्यवसाय दर्ता गर्दा लाग्ने शुल्कमा निशुल्क प्रदान गरिनेछ ।

४। स्थानीय सिप, स्रोत तथा साधनमा आधारित लघु उद्योग स्थापना मार्फत महिलालाई आत्मनिर्भर बनाइनेछ । साथै उत्पादित वस्तुको उचित बजारको व्यवस्था मिलाइनेछ ।

५। यस गाउँपालिका भित्रका अतिविपन्न तर काम गर्न सक्षम महिलाहरुलाई आवश्यक पुँजीको व्यवस्था मिलाइने छ ।

६। सहकारीको माध्यमबाट सामुहिक वचत र लगानीका लागि प्रोत्साहन गरिने नीति अवलम्बन गरिनेछ ।

७। घरेलु महिला हिंसा न्युनिकणरको लागि महिला विकास शाखा मार्फत जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ।

८। महिलाहरुलाई हरेक बिकास निर्माण, नीति निर्माणको कार्य तथा हरेक क्षेत्रहरुमा अनिवार्य अर्थपुर्ण सहभागिता गराईनेछ।

९। बालवालिकाहरुलाई योजना छनोट, नीति निर्माण र निर्णय निर्माणमा अर्थपुर्ण सहभागिता गराईनेछ ।

१०।प्रत्येक विद्यालयमा बालक्लव गठन गरि सक्रिय बनाईनेछ ।

११। गाउँपालिका स्तरीय एक बालक्लव गठन गरि समाजमा रहेका बिकृतिहरु जस्तैः बालबिवाह, लागूपदार्थ दुर्व्यशनी, बाल श्रमशोषण, घरेलु हिंसा, बालविझ्याई रोक्न तथा न्युनिकरण गर्न परिचालन गरिनेछ ।

१२।बालवालिकामा नेतृत्व क्षमताको विकास गर्ने आवश्यक कार्यक्रम ल्याईनेछ ।

१३। गरिब, अनाथ, असहाय बालवालिकाहरुको खोजी गरी संरक्षण सम्बर्धन सर्वाङ्गिण विकासको लागि आवश्यक व्यवस्था गरिनेछ ।

१४।गाउपालिका भित्रका परम्परागत पेशाको संरक्षण, सम्वर्धन तथा आधुनिकीकरणको लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

१५।जातिय छुवाछुत तथा भेदभावलाई न्युनिकरण गर्न सचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

१६।असाहय अभिवावक विहिन तथा आफ्नो हेरचाह आफै गर्न नसक्ने जेष्ठ नागरीकहरुको यस बर्ष बिवरण संकलन गरी आवश्यक संरक्षण सम्वर्धन गरिनेछ।

१७। राज्यले सहयोग नगरेका अपांग व्यक्तिहरुलाई गाउँकार्यपालिकाले स्वीकृत गरेको आर्थिक सहयोग उपलव्ध गराईनेछ।

**खानेपानी तथा सरसफाई सम्बन्धी नीतिः**

१। गाउँपालिका भित्र संचालित खानेपानी योजनाहरुको दिगो सञ्चालन र निरन्तरताका लागि आवश्यक मर्मत सम्भार गरिनेछ।

२। गाउँपालिका भित्र रहेका सम्पूर्ण खानेपानी मुहानहरुको बिवरण संकलन गरी मुहान संरक्षण गरिनेछ।

३। खानेपानी आयोजना छनोट गर्दा बढी भन्दा बढी श्रमदान जुट्न सक्ने खानेपानी आयोजनाहरुलाई छनोट गरिनेछ।

४। सबै नागरिकको घर–घरमा स्वच्छ खानेपानीको व्यवस्था गरिनेछ।

५। खानेपानीको क्षेत्रमा काम गर्ने सरकारी गैह्रसरकारी तथा अन्य संघ सस्थाहरु संग सहकार्य गरि खानेपानीको आवस्यक व्यवस्था गरिनेछ ।

६। यस गाउँपालिकालाई प्लास्टीक मुक्त गाउँपालिका बनाउन आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ।

७। सार्वजनिक क्षेत्र, बडि मानिसको जमघट हुने क्षेत्रमा सार्वजनिक शौचालय निर्माण गरिनेछ ।

८। सामुदायिक विद्यालयमा हातधुनका लागि साबुन लगायतका सरसरफाइ सम्बन्धि सामाग्री वितरण गरिनेछ।

९। नसड्ने फोहोरमैलाहरुलाई व्यवस्थापन गर्न डम्पिङ साईडको व्यवस्था गरिनेछ।

१०। गाउँपालीकाका मुख्य मुख्य बजारमा उचित ढलनिकासको व्यवस्था गरिनेछ।

११। सामुदायिक सरसफाइमा समुदायलाई अधिकतम परिचालन गरिनेछ।

१२। परम्परागत कुवा,ढुङ्गेधाराको संरक्षण गरिनेछ।

**बिद्युत तथा उर्जा सम्बन्धी नीतिः**

१। गाउँपालीका भित्र सञ्चालित लघु जलविद्युत परियोजनाहरुलाई दिगो र भरपर्दो बनाउन आवश्यक मर्मत सम्भार लगायतको व्यवस्था गरिनेछ।

२। यस गाउँपालिकामा रहेका निर्माणाधीन लघु जलविद्युत परियोजनाहरुलाई आवश्यकताका आधारमा अनुदान दिई समयमै कार्य सम्पन्न गरिनेछ।

३। यस गाउँपालिका भित्र रहेका अति विपन्न गरिब जनतारुलाई बिजुलीको पहुंचमा ल्याउनका लागि वडास्तरिय योजना बनाइनेछ।

४। हाल संचालित लघु जलविद्युत आयोजनाहरुको उत्पादन क्षमता बृद्धी गरि जलविद्युतको अधिकतम उपभोग गरिनेछ।

५। गाउँपालीका भित्रका मुख्य मुख्य बजार क्षेत्रमा सौर्य उर्जा मार्फत सडक बतीको व्यवस्था गरिनेछ ।

**पर्यटन सम्बन्धी नीतिः**

१। गाउँपालिका भित्र रहेका सबै पर्यटकीय स्थलहरुको पहिचान गरि बिस्तृत सम्भाव्यता अध्ययन तथा स्थलगत सर्भे गरि एकिकृत डिजाईन तयार गरि सूचि तयार गरिनेछ ।

२। गाउँपालिका भित्र रहेका मुख्य मुख्य पर्यटकीय स्थलहरुको पहिचान गरि छुट्टै प्रचार प्रसारका लागि विभिन्न सामाग्री प्रकासन तथा वितरण गरिनेछ ।

३। पर्यटन क्षेत्रको संख्यात्मक र गुणात्क अभिवृद्धि तथा रोजगारी सिर्जना गर्न पर्यटन क्षेत्रमा स्थानिय समुदायको संलग्नतामा निजी क्षेत्रलाई समेटेर पर्यटन क्षेत्रको व्यवसायिकरण गर्न आवश्यक योजना तर्जूमा गरिनेछ ।

४। मैवाखोला गाउँपालीकाको पर्यटन गुरुयोजनाका आधारमा प्राथमिकताका आधारमा पर्यटकिय क्षेत्रका विकास गरिनेछ ।

५। गाउँपालीका भित्र रहेका पर्यटकीय गन्तव्यका संरक्षण, सम्बर्धन गरि पर्यटन प्रबर्दनको लागि विभिन्न माध्यमबाट प्रचारप्रसार गरिनेछ।

६। पर्यटकीय स्थल जलजले–मिल्के, क्षेत्रलाई आकर्षक पर्यटकीय स्थलको रुपमा विकास गर्नको लागि सम्बन्धित छिमेकी जिल्लाका गाउँपालिका तथा नगरपालिका संग आवश्यक समन्वय गरि योजना तथा कार्यक्रम तर्जुमा गरिनेछ।

७। लालीगुँरासको राजधानी जलजले–मिल्के, तीनजुरे क्षेत्रमा पाइने सबै प्रजातीका गुँरासलाई एकै स्थानमा अवलोकन गर्न पाइने गरि रमिते ढाप र भ्याउ पोखरी क्षेत्रमा गुँरास गार्डेन बनाइनेछ ।

८। ग्रामिण पर्यटनलाई व्यवस्थित गर्न होमस्टे पर्यटनलाई विशेष प्राथमिकता दिई परम्परागत कृषि प्रणाली र आधुनिक कृषि पकेट जोनहरुलाई पर्यटकीय आइटमको रुपमा विकास र प्रवर्द्धन गरिनेछ ।

९। जननेता मदन भण्डारीको जन्मघर लाई ऐतिहासिक, राजनीतिक र पर्यटकीय गन्तव्यको रुपमा विकास गरि प्रचारप्रसार गरिनेछ ।

१०। पर्यटन प्रवर्धनको लागि यस गाउँपालिका भित्र संचालनमा रहेका होमस्टेहरुलाई आकर्षक पर्यटकीय गन्तव्यस्थलको रुपमा विकास गर्नको लागि होमस्टे संचालकहरुको व्यवस्थापकीय कौशल अभिवृद्धी गर्ने उद्देश्यले अध्ययन, भ्रमण, तालिम,सेमिनार गोष्टीको लागि आवश्क योजना, कार्यक्रम संचालन गरिनेछ ।

११। बेरोजगार युवाहरुलाइ पर्यटक पथ प्रदर्शको रुपमा तालिम प्रदान गरी रोजगारीको अवसर सृजना गरिने छ ।

**सरकारी तथा गैरसरकारी सघं संस्था सम्बन्धी नीतिः**

१। यस मैवाखोला गाउँपालिका क्षेत्रमा आफ्नो कार्यक्षेत्र बनाएका गैर सरकारी संघ सस्थाहरुको कार्यक्रम , बजेट, समय तालिका, कार्यक्रमको औचित्य, प्रभाव, अवसर, लाभान्वित क्षेत्रसमेतको विश्लेषण र मूल्यङ्कन गरेर मात्र राय सहित स्विकृती दिईनेछ । साथै गाउँ कार्यपालिकाको कार्यालयले प्रस्तावित कार्यक्रमको क्षेत्र परिवर्तन गर्न सक्नेछ र गाउँ कार्यपालिकाको कार्यलयमा एक गैर सरकारी संघ सस्था अनुगमन ईकाई गठन गरि अनुगमन कार्यलाइ प्रभावकारी बानईनेछ ।

**बन वातावरण संरक्षण तथा हरियाली प्रवर्द्धन सम्बन्धी नीतिः**

१। उच्च पहिरोको जोखिममा रहेका क्षेत्रहरुलाई वायो ईन्जिन्यरिङ विधीको प्रयोग गरि वाढी पहिरो जस्ता प्राकृतिक प्रकोपबाट जोगाउन आवश्यक व्यवस्था गरिनेछ ।

२। गाउँपालीका भित्र सञ्चालन गरिने योजनाहरुमा अनिवार्य वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने प्रयास गरिनेछ ।

३। वडामा रहेको पोखरीको पहिचान गरी आवश्यक संरक्षण गरिनेछ ।

**संगठन संरचना दरबन्दी र कार्यविवरण तथा सुशासन र सेवा प्रवाह सम्बन्धी नीतिः**

१। यस गाउँपालिकामा चाहिने जनशक्ती छनौट गर्दा समावेशी सिद्धान्तको आधारमा यसै गाउँपालिकाको जनतालाई उच्च प्राथमिकता दिईने नीति ल्याईनेछ ।

२। संघिय तथा प्रादेशिक सरकारको अनुदानमा प्राप्त हुने योजना, परियोजना तथा जिल्ला समन्वय समितिबाट समायोजन भई आउने विभिन्न दरवन्दिका कर्मचारीहरुको यथोचित परिचालन गर्ने नीति अबलम्बन गर्नुका साथै उक्त पदहरुको कार्यवोझ, कार्यपद्दती र कर्मचारीहरुको आवश्यकता लगायतका बिषयहरु अध्ययन गरि दरवन्दीमा हेरफेर तथा कटौती गर्दै जाने र स्वर्णिम विदाई गर्ने सहितको मानव संसाधन व्यवस्थापन गर्ने नीति अवलम्वन गरिनेछ।

३। गाउँकार्यपालिका र वडा कार्यलयहरुको दरवन्दी संरचना संघीय सरकार र प्रादेशिक सरकारसंग संगठन र विकास सम्बन्धी आवश्यक समन्वय, परामर्श र साझेदारी गरि सोहि अनुरुप पदपुर्ति समायोजन, दर्वन्दी सृजना, सरुवा,बुवा तथा वृतिविकास प्रणालीलाई व्यवस्थित गरिनेछ।

४। गाउँपालिका स्थित सार्वजनिक निकायहरुमा सम्पादन हुने सेवाप्रवाह तथा काम कारवाहिको उचित मूल्यङकन गरि पूरस्कार तथा दण्डको व्यवस्था गरिनेछ ।

५। गाउँपालिका स्तरमा एकिकृत सेवा केन्द्रको अवधारणलाई सेवा प्रवाहमा जोड्न सकिने सम्भाव्यताको अध्ययन गरि उचित कार्यक्रम तय गरिनेछ ।

**सडक, भौतिक योजना र पुर्वाधार विकास तथा वस्ती विकास र भवन निर्माण सम्वन्धी नीतिः**

१। गाउँपालीका भित्रका सडकहरुको क्षेत्राधिकार(राइट अफ वे) तोकि सडक निर्माण गरिनेछ ।

२। गाउँपालीका भित्र निर्माण गरिने सडकको वर्गिकरण गरि सोहि बमोजिम बजेट विनियोजन गरिनेछ ।

३। गाउँपालीका भित्र निर्माण गरिने सवै किसिमका सडकमा अनिवार्य नालीको व्यवस्था गरिनेछ ।

४। गाउँपालीका भित्र सञ्चालीत ठुला ठुला सडक आयोजना, मोटरेवल पुल निर्माणका लागि डि.पी.आर. अनिवार्यरुपमा निर्माण गरिनेछ र कार्यन्वयनको सन्दर्भमा प्रदेश सरकार र संघिय सरकार संग आवश्यक साझेदारी गरिनेछ ।

५। गाउँपालीका भित्रका मुख्य मुख्य बजार भित्रका सडकमा सडक कालोपत्रे वा ढलाई गरि स्तरोन्नती गरिनेछ ।

६। गाउँपालिका भित्र रहेका सबै मूख्य सडकहरु तथा शाखा बाटोहरु लाई बाह्रै महिना चल्ने बनाउनको लागि नाली काट्ने, ग्राभेल गर्ने, ह्युम पाईप लगाउने जोखिमयुक्त ठाँउमा तारजाली सहितको पर्खाल लगाउने कार्यक्रम तर्जुमा गरिनेछ ।

७। श्रमदान बढी जुट्ने सडक तथा भौतिक योजनाहरुलाई बढि प्राथमिकता दिईनेछ ।

८। प्रत्येक वडाको केन्द्र जोड्ने सडकलाई मूख्य प्राथमिकतामा राखि स्तरोन्नती गरिनेछ ।

९। खाद्यन्न उत्पादन हुने स्थानहरुमा प्लटीङ तथा भवन निर्माण कार्यलाई निरुत्साहित गर्ने क्रियाकलापहरु संचालन गरिनेछ ।

१०।गाउँपालिका भरिका अतिक्रमित जग्गाहरु पुर्णरुपमा गाउँपालिकाको मातहतमा ल्याई उपयोग नभएका सार्वजनिक जग्गाहरुको सम्भाव्यता अध्ययन गरि सोहि अनुरुप योजना छनोट गरि आय आर्जनमा टेवा पुर्याउने नीति अवलम्वन गरिनेछ ।

११।भुकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धि आधारभुत तालिमको व्यवस्था गाउँपालिकाले व्यवस्थापन गरिनेछ ।

१२।गाउँपालीका भित्र नीजि तथा सार्वजनिक भवनहरु निर्माण गर्दा भवन आचार संहिता अनिवार्य लागु गरिनेछ ।

आदरणीय गाउँसभाका सदस्यज्यूहरू, यस नीति तथा कार्यक्रमलाई अक्षरश कार्यान्वयन गर्न सकेको खण्डमा गाउँपालिकालाई उच्च पहाडी क्षेत्रको समृद्ध सम्मुनत नमुना गाउँपालिकाको रूपमा विकास गराउन सकिने जानकारी गराउदछु ।

राजन कुमार थत्लुङ
अध्यक्ष
मैवाखोला गाँउपालिका साँघु ताप्लेजुङ